पाणिनी गाउँपालिका
Panini Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Letter No.: ०८८/०७९
चलानी नं./Ref. No.: ६९०

मिति/Date: २०७८/०९/१९

विषयः जानकारी सम्बन्धमा ।

श्री सबै वडा कार्यालयहरु,
पाणिनी गाउँ कार्यपालिकाको कार्यालय, अर्घाखाँची ।

उपरोक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीको प.स.०७८/०७९, च.नं. २४१३, मिति २०७८/०९/१८ र गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को प.स.शा.सु.०७८/०७९, च.नं. १३०४, मिति २०७८/०९/०९ को प्राप्त पत्रको छायाँकपि यसै पत्रसाथ संलग्न गरी पठाइएको छ, विस्तृत व्यहोरा पत्रबाट अवगत गर्नु भइ सोही बमोजिम गर्नुहुन जानकारी गराइन्छ।

..................................
नेत्र प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

नेत्र प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

## अर्घाखाँची
(प्रशासन शाखा)

पत्र संख्या: ०७८/०७९
चलानी नं. २४१३

मिति :-२०७८।०९।१८

विषय :- थप स्पष्टता सम्बन्धमा।

श्री सन्धिखर्क नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँची ।
श्री शितगंगा नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँची ।
श्री भुमिकास्थान नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँची ।
श्री मालारानी गाउँ कार्यपालिकाको कार्यालय, अर्घाखाँची ।
श्री पाणिनी गाउँ कार्यपालिकाको कार्यालय, अर्घाखाँची ।
श्री छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय, अर्घाखाँची

प्रस्तुत विषयमा यस कार्यालयको च.नं. २११६, मिति २०७८।०८।२९ को पत्र प्राप्त भएकै छ । उक्त पत्रको थप स्पष्टता सम्बन्धमा गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं.१३०४, मिति २०७८।०९।०९ को पत्र यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

२०७८।९।१८

नुमलाल पन्थी
प्रशासकीय अधिकृत

पाणिनी गाउँपालिका
दर्ता नं.: ६८२
दर्ता मितिः २०७८।०९।१९

नेपाल सरकार
# गृह मन्त्रालय
(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेल: control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्या:- शा.सु. ०७८/०७९/०८
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- १३०६

मिति: २०७८/०९/०९

विषय: थप स्पष्टता सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

दर्ता नं.: ६३१
२०७८/०९/१५

प्रस्तुत विषयमा बालबालिकाको एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्ने सम्बन्धी यस मन्त्रालयको च.नं. १२३९, मिति २०७८/०८/२७ गतेको पत्र प्राप्त भएकै छ । उक्त पत्रमा उल्लिखित शर्तहरु बाबु, आमा तथा अभिभावक बाहेक अन्य व्यक्ति वा संस्था मार्फत स्थानान्तरण हुने बालबालिकाको हकमा मात्र लागू हुने व्यहोरा आदेशानुसार अनुरोध छ ।

(गोपाल श्रेष्ठ)
शाखा अधिकृत

बोधार्थ तथा कार्यार्थ:
श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरवार काठमाडौं ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार काठमाडौं ।
श्री राष्ट्रिय बाल अधिकार परिषद, श्रीमहल पुलचोक, काठमाडौं ।
श्री प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौं ।
श्री अध्यागमन विभाग, कालिकास्थान काठमाडौं ।

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

अर्घाखाँची

पत्र संख्या: ०७८/७९

चलानी नं. २९१६

मिति :-२०७८।०८/२९

विषय :- बालबालिकाहरुको स्थानान्तरण सम्बन्धमा ।

श्री स्थानीय तह सबै

अर्घाखाँची ।

प्रस्तुत विषयमा गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.नं. १२३९, मिति २०७८/०८/२७ को पत्रको छाँयाकपि यसै पत्रसाथ संलग्न राखी आवश्यक कार्यान्वयनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०७८/०८/२५

दिनोद खनाल

सहायक प्रमुख जिल्ला अधिकारी

"सक्षम निजामती प्रशासनः विकास, समृद्धि र सुशासन"

Ph: 077-420133 । 077-420208 । 077-420731 । Fax: 077-420209 । Toll Free: 1660-77-42042 । Notice Board: 1618077420208

E-Mail: daoarghakhanchi@moha.gov.np । daoarghakhanchi@gmail.com । Website: daoarghakhanchi.moha.gov.np

नेपाल सरकार

# गृह मन्त्रालय

(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
इमेल: control@moha.gov.np
mohacontrolroom@gmail.com

सिंहदरबार,
काठमाडौं, नेपाल ।

शा.सु. ०७८/०७९/०८
पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-
च.नं.- 9233

मिति: २०७८/०८/२७

विषयः निर्देशन सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

प्रस्तुत विषयमा बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ को पहिलो उद्देश्य सबै किसिमका शारीरिक वा मानसिक हिंसा, क्षति वा दुर्व्यवहार, परित्याग, उपेक्षा, शोषण वा यौन दुर्व्यवहारबाट बालबालिकालाई संरक्षण गर्ने रहेको छ । यसै परिप्रेक्ष्यमा बालबालिकालाई अध्ययनको राम्रो अवसर दिलाउने, पालनपोषण गरिदिने नाममा सामाजिक धार्मिक वा अन्य प्रकारका संघ संस्थाको नाममा बालबालिकाहरु लिने र निजहरुलाई बिदेश पठाउने, घरेलु कामदारको रुपमा प्रयोग गर्ने, यौन शोषण गर्ने लगायतका गैरकानूनी क्रियाकलापमा सहभागी गराएको सम्बन्धमा गुनासा र उजुरीहरु प्राप्त भएकोले बालबालिकाहरुको एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्ने सम्बन्धमा देहाय बमोजिम गर्नु गराउन हुन मिति २०७८/०८/२७ (सचिवस्तर) को निर्णयानुसार अनुरोध छ ।

देहाय:

१. कुनै एक जिल्लाबाट अर्को जिल्लामा लैजान परेमा सम्बन्धित स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालयको स्वीकृतिमा मात्र लैजानु पर्ने ।
२. नेपालबाट बिदेश लैजान परेको खण्डमा,
   क. शैक्षिक प्रयोजनका लागि भएमा शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालयको NOC पत्र, NOC पत्र जारी नहुनेको हकमा सम्बन्धित स्थानीय प्रशासनको स्वीकृति।
   ख. अन्य प्रयोजनको लागि भए महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको स्वीकृति पत्र ।
   ग. सम्बन्धित देशको सरकारी निकायले प्रदान गरेको अनुमति वा स्वीकृति पत्र ।

(बसन्त भट्टराई)
उपसचिव

बोधार्थ तथा कार्यार्थ:

श्री महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय सिंहदरबार काठमाडौं ।
श्री शिक्षा, बिज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार काठमाडौं ।
श्री राष्ट्रिय बाल अधिकार परिषद, श्रीमहल पुल्चोक, ललितपुर ।
श्री प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौं ।
श्री अध्यागमन विभाग, कालिकास्थान काठमाडौं ।